दोर्दी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
नौथर ,लमजुङ
गण्डकी प्रदेश ,नेपाल
२०७३

## रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना
(प्रथम पटक प्रकाशित मितिः २०७९/०४/१८)

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रमको मिति २०७९/३/२५ को गोरखापत्र दैनिकमा रोजगार सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना अनुसार दोर्दी गाउँपालिका, रोजगार सेवा केन्द्रमा रोजगार सहायक पद खुला प्रतिस्पर्धाको मध्यमबाट करारमा पदपूर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले प्रथम पटक प्रकाशित मितिले १५ दिन भित्र माग बमोजिमका विवरण र राजश्व तिरेका रसिद सहित यस कार्यालयमा निवेदन दिनु हुन अनुरोध छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/२०७८/७९ | रोजगार सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

१. आवश्यक न्यूनतम् योग्यता र अनुभवः
(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण गरेको,
(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको,
(ग) अधारभूत कम्पुटर सिप सम्बन्धी कम्तिमा ३ महिनाको तालिम लिएको,

२. दरखास्त दिने स्थानः दोर्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय
३. दरखास्त दिने अन्तिम मितिः सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र (२०७९ भदौ१ गते कार्यालय समय भित्र)
४. आवेदनको दस्तुरः रु. ५००.०० (पाँच सय मात्र)।
५. छनौटको किसिमः प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा
६. आवेदन साथ संलग्न कागजातहरूः आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
(क) नेपाली नागरिकताको प्रमाणपत्र
(ख) न्यूनतम् योग्यताको लब्धांक प्रमाणपत्र
(ग) चारित्रिक प्रमाणपत्र
(घ) तालिमको प्रमाणपत्र
(ङ.) अनुभव भए सो को कागजात
(च) २ प्रति पासपोर्ट साईजको फोटो
७. सेवा सुविधा, कार्य जिम्मेवारी सम्बन्धी व्यवस्था र अन्य : स्थानीय तहमा प्राबिधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा ११, १२, १३ र १४ बमोजिम हुनेछ।

नोटः आवेदन फारम www.dordimun.gov.np बाट डाउनलोड गर्न सकिन्छ । साथै प्राविधिक सहायक पदको कार्य विवरण लगायत अन्य जानकारी www.pmep.gov मा उपलब्ध छ ।

प्रमुख प्रशासकीय अधिकृत